सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०८१ वैशाख, जेठ र असार महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

स्थानीय सरकार

हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

स्थापना २०७३

## १. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी (ब.सु.पू.) को स्वरुप र प्रकृतिः

नेपालको संविधान तथा संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएको स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि नीति, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

## २. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी (ब.सु.पू.) को काम, कर्तव्य र अधिकारः

हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

- गाउँपालिकाको एकल अधिकार नेपालको संविधानको अनुसुची-८ मा उल्लेख भए बमोजिम हुने।
- गाउँपालिकाले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार नेपालको संविधानको अनुसुची-९ मा उल्लेख भए बमोजिम हुने ।
- भूमि व्यवस्थापन, सञ्चार सेवा, यातायात सेवा, लघु, घरेलु तथा साना उद्योग सम्बन्धी कार्य गर्ने।
- गाउँपालिकाको आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने ।
- प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनि सम्बन्ध कायम गर्न सक्ने।

## ३. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) मा कार्यरत कर्मचारी संख्या र कार्य विवरणः

**कर्मचारी संख्या**

नेपाल सरकारबाट स्वीकृत गाउँपालिकाको कूल स्थायी दरबन्दी संख्याः ३१

गाउँपालिकामा कार्यरत कूल स्थायी कर्मचारी संख्याः २४

संघीय सशर्त कार्यक्रम कार्यान्वयनका लागि विषयगत शाखामा कार्यरत करार कर्मचारी संख्याः१५

गाउँपालिकामा करारमा कार्यरत अन्य कर्मचारी संख्याः ३५

**कार्यरत कर्मचारी विवरण**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | १ जना |
| क. आर्थिक प्रशासन शाखा | |
| लेखा अधिकृत ७/८ औं | १ जना |
| सहायकस्तर पाँचौ लेखापाल | १ जना |
| ख. प्रशासन, योजना तथा अनुगमन शाखा | |

| | |
|---|---|
| अधिकृतस्तर ७/८ औं | २ जना |
| सहायकस्तर पाँचौ | १ जना |
| सहायकस्तर चौथो | २ जना |
| सहायक कम्प्युटर अपरेटर चौथो | १ जना |
| नगर प्रहरी | ७ जना |
| कार्यालय सहयोगी | ४ जना |
| सरसफाई कर्मचारी | २ जना |
| **ग. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा** | |
| ईन्जिनियर अधिकृतस्तर ७/८ औं | १ जना |
| ईन्जिनियर अधिकृत छैठौं | १ जना |
| सव इन्जिनियर पाँचौं | ३ जना |
| असिष्टेण्ट सव ईन्जिनियर | १ जना |
| खा.पा.स.टे. पाँचौ | १ जना |
| अमिन सहायक चौथो | ३ जना |
| वातावरण स्वयंसेवक | १ जना |
| **घ. सामाजिक तथा आर्थिक विकास शाखा** | |
| रोजगार संयोजक अधिकृत छैठौं | १ जना |
| रोजगार सहायक पाँचौं | १ जना |
| प्राविधिक सहायक सब ईन्जिनियर पाँचौं | १ जना |
| एम आई एस अपरेटर पाँचौं | १ जना |
| स.म.वि.नि. चौथो | १ जना |
| फिल्ड सहायक चौथो | २ जना |
| उद्यम विकास सहजकर्ता चौथो | २ जना |
| पोषण स्वयंसेवक | १ जना |
| **ङ. शिक्षा, युवा तथा खेलकूद शाखा** | |
| अधिकृतस्तर ७/८ औं शिक्षा अधिकृत | १ जना |
| गाउँ शिक्षा अधिकृत | १ जना |
| श्रोत शिक्षक | १ जना |
| तथ्याङ्क व्यवस्थापक | १ जना |
| **च. स्वास्थ्य शाखा** | |
| सि.अ.हे.व. छैठौं | २ जना |

| | |
|---|---|
| सि.अ.न.मि. छैठौं | १ जना |
| वैद्य सहायक चौथो | १ जना |
| **छ. सूचना तथा संचार प्रविधि शाखा** | |
| सूचना प्रविधि अधिकृत छैठौं | १ जना |
| **ज. कृषि तथा पशु सेवा शाखा** | |
| अधिकृत छैठौं | १ जना |
| प्रा.स. पाँचौं | १ जना |
| ना.प्रा.स. चौथो | १ जना |
| ना.प.से.प्रा. चौथो | १ जना |
| ना.प.स्वा.प्रा. चौथो | २ जना |
| **झ. आन्तरिक लेखा परीक्षण इकाई** | |
| आ.ले.प. सहायक पाँचौं | १ जना |
| **ञ. न्यायिक समिति सचिवालय** | |
| सहायक चौथो | १ जना |

## ४. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) बाट प्रदान गरिने सेवाः

- ❖ स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि नीति, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।
- ❖ योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास, शिक्षा, युवा तथा खेलकूद, स्वास्थ्य, कृषि तथा पशुसेवा शाखा, सूचना तथा संचार प्रविधि इकाई, कानूनी मामिला इकाई, राजश्व इकाई, महिला बालवालिका तथा समाजकल्याण इकाई, रोजगार सेवा केन्द्र, सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई, उद्योग सहकारी तथा व्यवसाय प्रवर्द्धन ईकाइ जस्ता विभिन्न विषयगत शाखा/इकाई तथा केन्द्रहरुबाट प्रचलित ऐन कानून बमोजिम गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका योजना/कार्यक्रम एवं सेवा प्रवाह सम्बन्धी कार्यहरु संचालन गर्ने ।

## ५. स्वीकृत दरबन्दी अनुसार सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः

प्रशासन योजना तथा अनुगमन शाखाः अधिकृतस्तर सातौं

आर्थिक प्रशासन शाखाः अधिकृतस्तर सातौं

पूर्वाधार विकास तथा वातावरण व्यस्थापन शाखाः ईन्जिनियर सातौं

सामाजिक तथा आर्थिक विकास शाखाः अधिकृतस्तर सातौं
शिक्षा, युवा तथा खेलकूद शाखाः अधिकृतस्तर सातौं
स्वास्थ्य शाखाः सि.अ.हे.व. छैठौं
कृषि तथा पशु सेवा शाखाः अधिकृतस्तर छैठौं

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रदान गरिने सेवाको शुल्क सम्बन्धमा हुप्सेकोट गाउँपालिकाको आ.व. २०८०/८१ को आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ र सेवा प्रवाह सेवाको प्रकृति हेरी तुरुन्तै वा तोकिएको समयावधिमा हुनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

नीतिगत निर्णयहरु गाउँकार्यपालिकाको बैठक तथा गाउँसभाको बैठकबाट, प्रशासनिक निर्णय कार्यालय प्रमुख स्तरीय निर्णयबाट हुने र निर्णय गर्ने अधिकारी प्रशासनिक निर्णयको हकमा कार्यालय प्रमुख हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुख हुने ।

## ९. आर्थिक वर्ष २०८०/८१ को वैशाख देखि असारसम्म तीन महिनाको अवधिमा कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरुको विवरणः

- ❖ २०८१ वैशाख देखि असार मसान्त सम्म गाउँसभाको पाँचौ अधिवेशन बैठक नं. १ बाट आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सार्वजनिक, बैठक नं. २ बाट आ.व. २०८१/०८२ को बजेट वक्तव्य घोषणा गरिएको र बैठक नं. ३ बाट आ.व.२०८१/०८२ को वार्षिक विकास कार्यक्रम पारित गरिएको तथा गाउँकार्यपालिकाको ६ वटा बैठक सम्पन्न गरिएको ।
- ❖ International IDEA को प्राविधिक सहयोग तथा विज्ञ सहितको टिमले आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धि सुझाव संकलन र अन्तरसंवाद कार्यक्रम सञ्चालन गरिएको, मध्यकालीन खर्च संरचना (आथिक वर्ष २०८१/०८२-२०८३/०८४) तयार गरि कार्यान्वयनमा ल्याइएको।
- ❖ सम्पूर्ण शिक्षक, कर्मचारी, स्वयंमसेवकहरुको पारिश्रमिक तथा करार शिक्षक कर्मचारीहरुको कल्याणकारी कोष रकम निकासा गरिएको, कक्षा २ को "हाम्रो हुप्सेकोट" पुस्तक प्रकाशन गरिएको, विज्ञान प्रयोगशाला-१, ज्वाला मा.वि., इ-लाइब्रेरी-१, नेपाल शान्ति मा.वि. मा स्थापना भएको ।

- ❖ विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषय अध्यापन गराउने शिक्षकहरुलाई परीक्षाका लागि स्तरीकृत प्रश्नपत्र निर्माण कार्यशाला, ५० जना प्राथमिक तहका शिक्षकहरुका लागि सेवा प्रवेश तालिम, ३५ जना कम्प्युटर स्रोत शिक्षकहरुका लागि शिक्षण सिकाईमा कम्प्युटरको प्रयोग सम्बन्धी तालिम, ७५ जना शिक्षकहरुलाई पठन संस्कृति विकास सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको, ReAL PLAN End line Survey भई सबै डाटाहरु EMIS मा प्रविष्ट गरिएको ।
- ❖ स्वास्थ्य सेवा तर्फ नियमित खोप, निःशुल्क आँखा परिक्षण(८८१ जना लाभान्वित), निःशुल्क मोतियाविन्दु अप्रेसन(१४८ जना लाभान्वित), खोप क्लिनिक सेवा संचालन, निःशुल्क मधुमेह परीक्षण, परिवार नियोजनका लागि IUCD/IMPLANT क्याम्प सञ्चालन, क्षयरोग स्क्रिनिङ(क्षयरोग खोज र उपचार), निःशुल्क पाठेघर परिक्षण शिविर(VIA जाँच) सञ्चालन, वडा नं. ४ को रुम्सीमा सामुदायिक स्वास्थ्य इकाई सेवा सञ्चालन, मासिक नियमित मधुमेह परिक्षण, दिर्घ रोग उपचार खर्च वितरण गरिएको ।
- ❖ गाउँपालिका भित्रका ६ वटै वडाहरुलाई पूर्णखोप वडा सुनिश्चित गर्ने राष्ट्रिय पूर्णखोप सुनिश्चितता निर्देशिका, २०७१ (तेस्रो संस्करण, २०७७) बमोजिम १६ देखि ५९ महिना सम्मका सबै बालबालिकाहरुले १५ महिनाको उमेरभित्र पाउनु पर्ने सबै खोप दिलाई पूर्ण खोप पाएको सुनिश्चित गराई पूर्णखोप गाउँपालिका घोषणा गरिएको।
- ❖ कृषि विकास तर्फ च्याउ, मौरी प्रवर्धन कार्यक्रम अन्तर्गत ५०% अनुदानमा क्रमशः ६६ जना कृषक, ९ वटा कृषक समूहहरुलाई ६०० पोका च्याउको बीउ वितरण, कृषक समूह-१, कृषि फर्म-३ र २१ जना कृषकहरुलाई गरी १०५ वटा सेरेना मौरीको घार वितरण गरिएको, असार १५ गते २१ औं राष्ट्रिय धान दिवसको अवसरमा हुप्सेकोट-१, बेलुवामा धान रोप्नुका साथै विभिन्न कार्यक्रमहरु गरिएको, ५०% अनुदानमा धानको बिउ- ११३०१ कि.ग्रा. र गहुँको बिउ- १५०० कि.ग्रा. वितरण गरिएको, ११ जना कृषि गणकहरु छनौट गरी वडा नं १,२ र ३ बाट जम्मा २३३४ घरधुरीबाट किसानहरुको तथ्याङ्क संकलन गरिएको,
- ❖ मकैको बिउ रोप्ने मेसिन वितरण अन्तर्गत हुप्सेकोट गा.पा.वडा नं.-३ मा २१ वटा मकैको बिउ रोप्ने मेसिन वितरण गरिएको, कृषि ज्ञान केन्द्र,नवलपुर संगको समन्वयमा हुप्सेकोट गा.पा वडा न-१,जुगेपानीमा २७ जना कृषकहरुको माटो परिक्षण गरिएको र गाउँपालिकाको परिसर वरिपरि विभिन्न फलफुलका विरुवाहरु वृक्षरोपण गरिएको ।
- ❖ पशु सेवा तर्फ गाउँपालिका भित्रका १३१० वटा गाई, ७६६ वटा भैंसी र ३० वटा बाख्रा गरी जम्मा २१०६ पशुमा कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रम गरिएको, वडा नं ४, ५ र ६ का विभिन्न स्थानहरुमा निःशुल्क पशु स्वास्थ्य शिविर(२३२ जना कृषक लाभन्वित), पूर्ण खोप कार्यक्रम अन्तर्गत खोरेत रोगको खोप-४३५५ वटा गाई/भैंसीमा, भ्यागुते र चरचरे- ३५९२ वटा

गाई/भैंसीमा, पि.पि.आर. खोप- ३५०४९ वटा भेडा/बाख्रा, स्वाइन फिवर खोप- ६१९ वटा वंगुरमा र रेविज खोप- १४३ वटा कुकुरमा खोप लगाएको, ५२ वटा घरपालुवा तथा छाडा छोडिएको कुकुरहरुमा स्थायी बन्ध्याकरण गरिएको, उत्पादनका आधारमा अनुदान कार्यक्रम(दुध र मासुमा) अन्तर्गत २ वटा सहकारी संस्थाका कृषकहरुलाई जम्मा ४३१२४ कि.ग्रा. को प्रति कि.ग्रा. रु २० का दरले अनुदान रकम वितरण गरिएको, स्थानीय भैंसी संरक्षण कार्यक्रम हुप्सेकोट-६, भडारीमा सञ्चालन गरिएको ।

- ❖ विद्यालयमा अध्ययनरत छात्र/छात्राहरुलाई १ दिने जुनोटिक रोग सम्बन्धि प्रशिक्षण कार्यक्रम वडा नं. ३, गिरुवारीमा संचालन गरिएको, विभिन्न वडाको कृषकहरुको घर-घरमा गई संक्रमित रोगको पहिचानको लागि नमुना संकलन गरी ल्याबमा पठाइएको, NLSIP, पोखराबाट २५० कि.ग्रा. टियोसेन्टि घाँसको बिउ सहयोग स्वरूप उपलब्ध गराई ध्रुबतारा भैंसीपालन कृषक समुहमा निःशुल्क वितरण गरिएको ।
- ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको आयोजनामा गाउँपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरु सँग आ.व. २०८१/०८२ को लागि नीति तथा कार्यक्रमको सन्दर्भमा सुझाव संकलन तथा अन्तरक्रिया कार्यक्रम गरिएको, बाढी तथा पहिरोमा परि केरुङ्गे खोलाले बगाएको टाँरी खेत र शंखदेव दायाँ कुलो प्रणाली योजनको अनुगमन गरिएको, बाढी, पहिरोको जोखिम क्षेत्रमा ग्याविन तारजालीको प्रयोग गरी विपद् व्यवस्थापन नियन्त्रणका प्रयास गरिएको ।
- ❖ व्यक्तिको कानूनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीको लागि घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा घटना दर्ता गर्नका लागि व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम सञ्चालन गरिएको, व्यक्तिलाई आवश्यक पर्दा दैनिक रुपमा आफ्नो व्यक्तिगत घटना दर्ताको अभिलेख उपलब्ध गराउनुका साथै आ.व.२०८०/८१ को तेश्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता भुक्तानी तथा चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक गरिएको ।
- ❖ गाउँपालिका भित्र आ.व. २०८०/०८१ मा जम्मा ३७ वटा नयाँ व्यवसाय दर्ता, २५८ वटा व्यवसाय नवीकरण र ३० वटा व्यवसाय खारेजी गरिएको।
- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम राख्नका लागि ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा विभिन्न सामाग्रीहरु(हार्मोनियम, विभिन्न धर्मग्रन्थका पुस्तकहरु, १४३ वटा छाता, फर्निचरका सामानहरु इत्यादि) हस्तान्तरण गरिएको, अनलाइन आवेदन सहित अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचय-पत्र वितरण प्रणाली मार्फत हाल सम्म २५ जनालाई 'क' वर्ग, १४५ जनालाई 'ख' वर्ग, २८२ जनालाई 'ग' वर्ग र १०७ जनालाई 'घ' वर्ग गरी जम्मा ५५९ जनालाई अपाङ्गता परिचय-पत्र वितरण गर्नुका साथै विवरण प्रणालीमा प्रविष्ट गरिएको, अपाङ्गता भएका विद्यार्थी

छात्र/छात्राहरुको उज्वल भविष्यको लागि शैक्षिक प्रोत्साहन कार्यक्रम अन्तर्गत ७ जनालाई प्रोत्साहन स्वरुप जम्मा रु. १ लाख वितरण गरिएको ।

- ❖ गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ३० दिने बुटिक/ब्युटीपार्लर सम्बन्धी सिप तालिम ३० जना व्यक्तिको सहभागीतमा वडा नं. ३ मा सम्पन्न गरिएको।
- ❖ तीन महिनाको अवधिमा ४ वटा योजनाहरु सम्झौता तथा १८ वटा योजनाहरुको निर्माण कार्य सम्पन्न गरि जम्मा यस आ.व. २०८०/०८१ मा १३७ वटा योजना सम्झौता भई १३४ वटा योजना सम्पन्न गरिएको ।
- ❖ वडा नं. ३ मा हुप्सेकोट प्राविधिक शिक्षालय भवन निर्माण अन्तर्गत स्ट्रक्चरको काम पुरा भई निर्माण कार्यको ६०% कार्य सम्पन्न भएको, पत्थर खोलाले धार परिवर्तन गरि कटान गरेको क्षेत्र र कटान गर्न सक्ने मुख्य क्षेत्र अध्ययन गरि त्यस क्षेत्रमा ग्याबिन वाल निर्माण कार्य सम्पन्न भएको, शंखदेव घाट मोटरेबल पुल निर्माण कार्यको सम्झौताको लागि सम्पूर्ण मुल्यांकन कार्य भई सम्झौताको चरणमा रहेको, गाउँपालिका अन्तर्गत आ.व. २०८०/०८१ मा जम्मा ५०५ मिटर सडक कालोपत्रे, ३ कि.मि. बाटो Side Wall, ४ कि.मी बाटो ग्राभेल, ४.९ मिटर सिँचाई कुलो तथा ३ वटा कल्भर्ट निर्माण सम्पन्न गरिएको ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं.१,२ र ४ मा नाला व्यवस्थापन, बाटो मर्मत, सिचाई पानीको पाइपलाईन विस्तार तथा पद मार्ग निर्माण सम्पन्न गरि यस आ.व. २०८०/०८१ को अन्त सम्ममा IDA अन्तर्गत ४० जना र नेपाल सरकार अन्तर्गत १०९ जना बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरिएको।
- ❖ धौवादी रुद्रपुर खानेपानी योजना सम्झौता भई ८०% निर्माण कार्य सम्पन्न भएको, जगदेव मौलाथर कुमाल्दी पिपलडाँडा खानेपानी निर्माण योजना सम्पन्न भएको तर अझ धेरै नागरिकको घर-घरमा खानेपानीको धारा पुऱ्याउनको लागि थप पाइपलाइनको व्यवस्था गर्नुपर्ने भएको छ, NWASH सम्बन्धी प्रणालीमा विवरण प्रविष्ट गर्ने कार्य अन्तर्गत आ.व.२०८०/०८१ मा NWASH प्रणालीमा खानेपानी योजनाहरु- ६९ वटा, खानेपानी उपभोक्ता समितिहरु- २९ समितिहरु, स्वास्थ्य संस्थाहरु- ८ वटा, खानेपानीको पहुँच नपुगेको समुदाय- ३ वटा, घरधुरी सर्वेक्षण- १४४४ घरधरी, सामुदायिक सरसफाई- २८ वटा, विद्यालयहरु- ४७ वटा र सार्वजनिक शौचालय- १ वटाको विवरण प्रविष्ट भएको ।
- ❖ बहुक्षेत्रिय पोषण तर्फ वडा नं. १, ३ र ५ मा सुनौलो हजार दिनको आमाहरुलाई पोषण सम्बन्धि १ दिने अभिमुखीकरण तथा पोषण सामग्री(अण्डा, घिउ र चाना) वितरण कार्यक्रम गरिएको, वडा नं. ४ र वडा नं.२ मा सुनौलो हजार दिनको आमाहरुलाई स्थानीयस्तरमा पाइने पोषण युक्त खाद्य वस्तुहरुको प्रयोग गरी पोषिलो खानाहरु(फर्सिको खिर र पोषिलो जाउलो) प्रदर्शनी कार्यक्रम गरिएको, सामुदायिक विद्यालयका किशोरीहरुलाई महिनावारी स्वच्छता तथा पोषण सम्बन्धी

अभिमुखीकरण कार्यक्रम(पोषिलो चट्पट् बनाउन सिकाएको) गरिएको, विभिन्न वडाका सुनौलो हजार दिनको आमाहरुलाई पोषण सम्बन्धी परामर्श दिइएको ।

- यस आ.व. २०८०/०८१ मा न्यायिक समितिको इजलास बसेको संख्या ८८ वटा इजलास बसेको, न्यायिक समितिमा ४९ वटा उजुरीहरु दर्ता भएकोमा ३२ वटा उजुरीहरुमा मेलमिलाप भएको, १२ वटा मेलमिलापको प्रक्रियामा रहेका र ५ वटा उजुरीहरु पुनरावेदनका लागि माथिल्लो निकायमा पठाईएको ।

## १०. प्रवक्ता, सूचना अधिकारी र प्रमुखको नाम र पदः

प्रवक्ताः रेवती सारु पदः कार्यपालिका सदस्य

सूचना अधिकारीः राजेन्द्र प्रसाद रेग्मी पदः लेखा अधिकृत (अधिकृतस्तर सातौं)

कार्यालय प्रमुखः हरि प्रसाद पराजुली पदः प्रमुख प्रशासकीय अधिकृत (रा.प.तृतीय)

## ११. कार्यालयको कार्यसंचालनमा प्रयोग हुने ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- गाउँपालिकाबाट पारित ऐन, कार्यविधि तथा मापदण्डहरु
- अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु

## १२. २०८१ असार मसान्तसम्मको खर्चको फाँटवारीः

| आ.व. : २०८०/८१ महिना : असार | | | | रु. | |
|---|---|---|---|---|---|
| क्र.सं. | खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बजेट बाँकी |
| १ | २ | ३ | ४ | 5 | 6 |
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | ९,७६,००,०००.०० | ८,०६,६६,००५.०० | १,६९,३३,९९५.०० |
| १ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १४,००,०००.०० | ७,१९,९१३.०० | ६,८०,०८७.०० |
| २ | २२५२२ | कार्यक्रम खर्च | १९,१४,५००.०० | १६,९८,४२५.०० | २,१६,०७५.०० |
| ३ | २२५२९ | विविध कार्यक्रम खर्च | ५५,१५,५००.०० | ३८,९९,६४०.०० | १६,१५,८६०.०० |
| ४ | २२६१२ | भ्रमण खर्च | ०.०० | ०.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २२७११ | विविध खर्च | ४,६५,०००.०० | ३,४०,९५९.०० | १,२४,०४१.०० |
| ६ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ३०,००,०००.०० | ३०,००,०००.०० | ०.०० |
| ७ | २५३१५ | अन्य सस्था सहायता | २,००,०००.०० | २,००,०००.०० | ०.०० |
| ८ | २७२१९ | अन्य सामाजिक सहायता | १०,००,०००.०० | ६,५९,३६०.०० | ३,४०,६४०.०० |
| ९ | २८९११ | भैपरी आउने चालु खर्च | ०.०० | ०.०० | ०.०० |
| १० | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १,२०,२५,०००.०० | १,१३,८५,३३६.०० | ६,३९,६६४.०० |
| ११ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९,५०,०००.०० | ९,२२,६४५.०० | २७,३५५.०० |
| १२ | ३११२२ | मेशिनरी तथा औजार | ६,५०,०००.०० | ६,४९,९५४.०० | ४६.०० |
| १३ | ३११२३ | फर्निचर तथा फिक्चर्स | १५,००,०००.०० | १४,९९,९११.०० | ८९.०० |
| १४ | ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० |
| १५ | ३११३५ | पूँजीगत परामर्श खर्च | २३,००,०००.०० | १३,५१,४८०.०० | ९,४८,५२०.०० |
| १६ | ३११५१ | सडक तथा पूल निर्माण | ४,४६,००,०००.०० | ३,४२,११,७६७.०० | १,०३,८८,२३३.०० |
| १७ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | १०,००,०००.०० | ९,६९,२३८.०० | ३०,७६२.०० |
| १८ | ३११५५ | सिंचाई संरचना निर्माण | २०,५०,०००.०० | १९,८७,१८९.०० | ६२,८११.०० |
| १९ | ३११५६ | खानेपानी संरचना निर्माण | ६४,५०,०००.०० | ५९,८५,८२६.०० | ४,६४,१७४.०० |
| २० | ३११५९ | अन्य सार्वजनिक निर्माण | १,२०,८०,०००.०० | १,०६,८४,३६२.०० | १३,९५,६३८.०० |
| २१ | ३१५११ | भैपरी आउने पूँजीगत | ०.०० | ०.०० | ०.०० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान | | १७,५५,००,०००.०० | १६,२२,५३,८१४.३७ | १,३२,४६,१८५.६३ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १३,५१,४४,०००.०० | १२,५६,६०,५३३.३७ | ९४,८३,४६६.६३ |
| २ | २११२१ | पोशाक | १०,०००.०० | १०,०००.०० | ०.०० |
| ३ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १३,७३,०००.०० | ११,७२,१६३.०० | २,००,८३७.०० |
| ४ | २२५२२ | कार्यक्रम खर्च | २,९१,७९,०००.०० | २,६९,८७,०७३.०० | २१,९१,९२७.०० |
| ५ | २२५२९ | विविध कार्यक्रम खर्च | ६८,७८,०००.०० | ५६,४६,७३४.०० | १२,३१,२६६.०० |
| ६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,५०,०००.०० | ११,४००.०० | १,३८,६००.०० |
| ७ | २२७११ | विविध खर्च | १५,७९,०००.०० | १५,७९,०००.०० | ०.०० |
| ८ | २७२१३ | औषधीखरिद खर्च | ११,८७,०००.०० | ११,८६,९११.०० | ८९.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नेपाल सरकार - शसर्त अनुदान चालु : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | | ४८,३०,000.00 | ४६,५२,५६४.०९ | १,७७,४३५.९१ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १६,३९,000.00 | १६,०३,२५०.०९ | ३५,७४९.९१ |
| २ | २११२१ | पोशाक | २०,000.00 | २०,000.00 | ०.०० |
| ३ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,२८,000.00 | १,२३,५५४.00 | ४,४४६.00 |
| ४ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३०,000.00 | ०.०० | ३०,000.00 |
| ५ | २२५२२ | कार्यक्रम खर्च | २६,७२,000.00 | २६,७२,000.00 | ०.०० |
| ६ | २२५२९ | विविध कार्यक्रम खर्च | १,७५,000.00 | ७६,०६०.00 | ९८,९४०.00 |
| ७ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ९२,000.00 | ९१,७००.00 | ३००.00 |
| ८ | २२६१२ | भ्रमण खर्च | ५०,000.00 | ४२,000.00 | ८,000.00 |
| ९ | २२७११ | विविध खर्च | २४,000.00 | २४,000.00 | ०.०० |
| ४ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | | ५०,00,000.00 | ४२,१५,२२२.00 | ७,८४,७७८.00 |
| १ | २२५२२ | कार्यक्रम खर्च | २९,२२,000.00 | २१,५९,३०९.00 | ७,६२,६९१.00 |
| २ | २२५२९ | विविध कार्यक्रम खर्च | १७,९३,000.00 | १७,८६,९१३.00 | ६,०८७.00 |
| ३ | २२७११ | विविध खर्च | २,८५,000.00 | २,६९,000.00 | १६,000.00 |
| ५ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | | ८६,00,000.00 | ८१,३०,८०६.00 | ४,६९,१९४.00 |
| १ | २२५२२ | कार्यक्रम खर्च | ७८,२८,000.00 | ७३,५८,८०६.00 | ४,६९,१९४.00 |
| २ | २२५२९ | विविध कार्यक्रम खर्च | २,८२,000.00 | २,८२,000.00 | ०.०० |
| ३ | २२७११ | विविध खर्च | ४,९०,000.00 | ४,९०,000.00 | ०.०० |
| ६ | नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | | ९,00,000.00 | २,३५,000.00 | ६,६५,000.00 |
| १ | २२५२२ | कार्यक्रम खर्च | ९,00,000.00 | २,३५,000.00 | ६,६५,000.00 |
| ७ | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | १,१३,00,000.00 | ६१,४५,६०६.00 | ५१,५४,३९४.00 |
| १ | ३११११ | आवासीय भवन निर्माण/खरिद | ५०,00,000.00 | १८,२५,000.00 | ३१,७५,000.00 |
| २ | ३११५१ | सडक तथा पूल निर्माण | ३०,00,000.00 | १०,३४,७८३.00 | १९,६५,२१७.00 |
| ३ | ३११५३ | विद्युत संरचना निर्माण | ८,00,000.00 | ७,८५,८२३.00 | १४,१७७.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | २५,००,०००.०० | २५,००,०००.०० | ०.०० |
| ८ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | | २,००,०००.०० | १,९९,८००.०० | २००.०० |
| १ | ३११२२ | मेशिनरी तथा औजार | २,००,०००.०० | १,९९,८००.०० | २००.०० |
| ९ | नेपाल सरकार - विषेश अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | १,८०,००,०००.०० | १,५४,२२,०६३.०० | २५,७७,९३७.०० |
| १ | ३११५६ | खानेपानी संरचना निर्माण | ९०,००,०००.०० | ७०,७१,३८९.०० | १९,२८,६११.०० |
| २ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ९०,००,०००.०० | ८३,५०,६७४.०० | ६,४९,३२६.०० |
| १० | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | ६०,००,०००.०० | ४५,००,०००.०० | १५,००,०००.०० |
| १ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ६०,००,०००.०० | ४५,००,०००.०० | १५,००,०००.०० |
| ११ | गण्डकी प्रदेश - समानिकरण अनुदान : गण्डकी प्रदेश - नगद अनुदान | | १,२५,९४,०००.०० | ९४,३७,८१३.०० | ३१,५६,१८७.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ४५,३६,०००.०० | ४४,३०,३२३.०० | १,०५,६७७.०० |
| २ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८,२५,०००.०० | ३,७६,२९०.०० | ४,४८,७१०.०० |
| ३ | २२५२२ | कार्यक्रम खर्च | ५३,१२,१००.०० | ४२,८८,२०६.०० | १०,२३,८९४.०० |
| ४ | २२५२९ | विविध कार्यक्रम खर्च | ६,७०,९००.०० | १,००,०००.०० | ५,७०,९००.०० |
| ५ | २२६१२ | भ्रमण खर्च | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| ६ | २२७११ | विविध खर्च | ५,००,०००.०० | २,४२,९९४.०० | २,५७,००६.०० |
| ७ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ४,५०,०००.०० | ०.०० | ४,५०,०००.०० |
| १२ | गण्डकी प्रदेश - शसर्त अनुदान पुँजीगत : गण्डकी प्रदेश - नगद अनुदान | | २५,००,०००.०० | २३,४१,६६९.०० | १,५८,३३१.०० |
| १ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | २५,००,०००.०० | २३,४१,६६९.०० | १,५८,३३१.०० |
| १३ | गण्डकी प्रदेश - विषेश अनुदान पुँजीगत : गण्डकी प्रदेश - नगद अनुदान | | २५,००,०००.०० | २५,००,०००.०० | ०.०० |
| १ | ३११५६ | खानेपानी संरचना निर्माण | २५,००,०००.०० | २५,००,०००.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | गण्डकी प्रदेश - समपुरक अनुदान पुँजीगत : गण्डकी प्रदेश - नगद अनुदान | | ५०,००,०००.०० | २७,९०,०५८.०० | २२,०९,९४२.०० |
| १ | ३११५१ | सडक तथा पूल निर्माण | ५०,००,०००.०० | २७,९०,०५८.०० | २२,०९,९४२.०० |
| १५ | राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | | ८२,४४,०००.०० | ७९,३७,५००.०० | ३,०६,५००.०० |
| १ | २२७११ | विविध खर्च | २०,००,०००.०० | १६,९३,५००.०० | ३,०६,५००.०० |
| २ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ६२,४४,०००.०० | ६२,४४,०००.०० | ०.०० |
| १६ | राजस्व बाँडफाँड –स्थानीय - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड –स्थानीय - नगद | | ३,३७,०२,०००.०० | १२,१६,९९८.०० | ३,२४,८५,००२.०० |
| १ | २२४१३ | करार सेवा शुल्क | ३,७२,०००.०० | ०.०० | ३,७२,०००.०० |
| २ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०,७०,०००.०० | १,७२,६७०.०० | ८,९७,३३०.०० |
| ३ | २२५२९ | विविध कार्यक्रम खर्च | ७,२०,०००.०० | ०.०० | ७,२०,०००.०० |
| ४ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ५ | २२७११ | विविध खर्च | २,४०,०००.०० | ०.०० | २,४०,०००.०० |
| ६ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | २८,००,०००.०० | ०.०० | २८,००,०००.०० |
| ७ | ३११२१ | सवारी साधन | २५,००,०००.०० | ०.०० | २५,००,०००.०० |
| ८ | ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ९ | ३११३५ | पूँजीगत परामर्श खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| १० | ३११५१ | सडक तथा पूल निर्माण | २,१२,००,०००.०० | ४,८४,२०१.०० | २,०७,१५,७९९.०० |
| ११ | ३११५६ | खानेपानी संरचना निर्माण | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० |
| १२ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ३६,००,०००.०० | ५,६०,१२७.०० | ३०,३९,८७३.०० |
| १७ | राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - संघीय सरकार - नगद | | ९,५६,४४,६००.०० | ८,१४,७३,२८१.२० | १,४१,७१,३१८.८० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १,४८,००,०००.०० | १,४५,५५,७३६.२० | २,४४,२६३.८० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ६०,००,०००.०० | ५७,५०,०००.०० | २,५०,०००.०० |
| ३ | २११२१ | पोशाक | ८,००,०००.०० | ६,२०,०००.०० | १,८०,०००.०० |
| ४ | २११३२ | महंगी भत्ता | ७,००,०००.०० | ५,७२,०००.०० | १,२८,०००.०० |
| ५ | २११३४ | कर्मचारीको बैठक भत्ता | ४,००,०००.०० | २,१२,५००.०० | १,८७,५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २११३९ | अन्य भत्ता | ८,००,०००.०० | ४,३६,६८४.०० | ३,६३,३१६.०० |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | ३०,००,०००.०० | २९,९२,७८०.०० | ७,२२०.०० |
| ८ | २१२१४ | कर्मचारी कल्याण कोष | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| ९ | २२१११ | पानी तथा बिजुली | १२,००,०००.०० | ११,५३,५१०.०० | ४६,४९०.०० |
| १० | २२११२ | संचार महसुल | ३,००,०००.०० | २,३७,६१८.०० | ६२,३८२.०० |
| ११ | २२२११ | इन्धन (पदाधिकारी) | २०,००,०००.०० | १४,७०,६४१.०० | ५,२९,३५९.०० |
| १२ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १०,००,०००.०० | ७,६९,६२४.०० | २,३०,३७६.०० |
| १३ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ७,००,०००.०० | ६,९९,५६१.०० | ४३९.०० |
| १४ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४९,००,०००.०० | ४९,००,०००.०० | ०.०० |
| १५ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २०,००,०००.०० | १९,७३,१०४.०० | २६,८९६.०० |
| १६ | २२३१४ | इन्धन - अन्य प्रयोजन | २०,००,०००.०० | ९,९०,९४३.०० | १०,०९,०५७.०० |
| १७ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०,५०,०००.०० | १८,९२,४७६.०० | १,५७,५२४.०० |
| १८ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | १०,००,०००.०० | ९,९४,६३९.०० | ५,३६१.०० |
| १९ | २२४१३ | करार सेवा शुल्क | २,२१,००,६००.०० | १,५५,४६,५१०.०० | ६५,५४,०९०.०० |
| २० | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ११,३५,०००.०० | ९,१७,१९५.०० | २,१७,८०५.०० |
| २१ | २२५२२ | कार्यक्रम खर्च | ४७,१८,०००.०० | ३४,८३,९३९.०० | १२,३४,०६१.०० |
| २२ | २२५२९ | विविध कार्यक्रम खर्च | ३७,०७,०००.०० | ३०,४२,७६९.०० | ६,६४,२३१.०० |
| २३ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४,५०,०००.०० | २,९९,८००.०० | १,५०,२००.०० |
| २४ | २२६१२ | भ्रमण खर्च | १७,५०,०००.०० | १६,८८,७९५.०० | ६१,२०५.०० |
| २५ | २२७११ | विविध खर्च | ३६,००,०००.०० | ३५,०६,३४२.०० | ९३,६५८.०० |
| २६ | २२७२१ | सभा सञ्चालन खर्च | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० |
| २७ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ९०,३४,०००.०० | ८९,८९,९५०.०० | ४४,०५०.०० |
| २८ | २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० |
| २९ | २७२१९ | अन्य सामाजिक सहायता | १५,००,०००.०० | ८,६६,५००.०० | ६,३३,५००.०० |
| ३० | २८१४२ | घरभाडा | ६,००,०००.०० | ४,९१,३२८.०० | १,०८,६७२.०० |
| ३१ | २८१४९ | अन्य भाडा | ५,००,०००.०० | १,७८,५००.०० | ३,२१,५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | ३११२२ | मेशिनरी तथा औजार | २,००,०००.०० | १,९९,८७८.०० | १२२.०० |
| ३३ | ३११२३ | फर्निचर तथा फिक्चर्स | १,००,०००.०० | ७७,११९.०० | २२,८८१.०० |
| ३४ | ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ८,००,०००.०० | ७,०६,३४०.०० | ९३,६६०.०० |
| ३५ | ३११५६ | खानेपानी संरचना निर्माण | ३,००,०००.०० | १,५६,५००.०० | १,४३,५००.०० |
| १८ | आन्तरिक श्रोत - आन्तरिक श्रोत : आन्तरिक श्रोत - नगद | | ४,१७,४२,६७४.०० | ३,५०,४६,१६२.४२ | ६६,९६,५११.५८ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १५,००,०००.०० | १४,५०,१९१.४० | ४९,८०८.६० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | १५,००,०००.०० | १५,००,०००.०० | ०.०० |
| ३ | २११२२ | खाद्यान्न | ७,००,०००.०० | १२,९५०.०० | ६,८७,०५०.०० |
| ४ | २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | ५,००,०००.०० | ३,१०,०००.०० | १,९०,०००.०० |
| ५ | २२४१३ | करार सेवा शुल्क | ४७,२७,४००.०० | ४४,१९,००७.०० | ३,०८,३९३.०० |
| ६ | २२५२२ | कार्यक्रम खर्च | ५,००,०००.०० | ४,९९,४४५.०० | ५५५.०० |
| ७ | २२५२९ | विविध कार्यक्रम खर्च | १८,४८,६००.०० | ७,७४,३४५.०० | १०,७४,२५५.०० |
| ८ | २२७११ | विविध खर्च | ४४,४५,८८२.०० | ४४,४५,८३५.२२ | ४६.७८ |
| ९ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ४७,२४,०००.०० | ४६,३२,०००.०० | ९२,०००.०० |
| १० | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २०,००,०००.०० | ०.०० | २०,००,०००.०० |
| ११ | २८२१९ | अन्य फिर्ता | ७२,९६,७९२.०० | ७२,९६,७९१.८० | ०.२० |
| १२ | ३११५१ | सडक तथा पूल निर्माण | १,००,००,०००.०० | ७७,३१,९६१.०० | २२,६८,०३९.०० |
| १३ | ३११५७ | वन तथा वातावरण संरक्षण | २०,००,०००.०० | १९,७३,६३६.०० | २६,३६४.०० |
| १९ | जन सहभागिता - आन्तरिक श्रोत : जन सहभागिता - नगद | | १,६७,४८९.०० | १,६४,७२०.०० | २,७६९.०० |
| १ | २२५२२ | कार्यक्रम खर्च | १,६७,४८९.०० | १,६४,७२०.०० | २,७६९.०० |
| कुल जम्मा | | | ५३,००,२४,७६३.०० | ४२,९३,२९,०८२.०८ | १०,०६,९५,६८०.९२ |

## १३. २०८१ असार मसान्तसम्मको खर्चको प्रगति विवरणः

| सि.नं. | बजेट प्रकार | कूल बजेट रु. | चैत्र मसान्तसम्मको खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालू | ३५८७१९७६३ | ३१३३९२४१६ | ८७.३६ |
| २ | पुंजीगत | १७१३०५००० | ११५९३६६६६ | ६७.६८ |

| | | | |
|---|---|---|---|
| जम्मा | ५३००२४७६३ | ४२९३२९०८२ | ८१.०० |

**१४. तोकिए बमोजिमका अन्य विवरणः**

तोकिए बमोजिमका अन्य विवरण प्रचलित कानून र हुप्सेकोट गाउँपालिकाले तोके बमोजिम हुने ।

**१५. सार्वजनिक निकायको वेबसाइटः**

हुप्सेकोट गाउँपालिकाको वेबसाइट www.hupsekotmun.gov.np रहेको छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरणः**

नभएको

**१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः**

- कार्यालयको वेबसाइट www.hupsekotmun.gov.np
- कार्यालयको त्रैमासिक, वार्षिक प्रगति प्रतिवेदनहरु
- कार्यालयको Facebook page

स्थानीय सरकार
हुप्सेकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
झ्यालबास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
फोनः- ०७८-५९०७०१, ५९०७०२
वेबसाइटः www.hupsekotmun.gov.np
इमेलः hupsekotrmun@gmail.com, info@hupsekotmun.gov.np